# स्थानीय राजपत्र

## भिमाद नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ९) भिमाद चैत १ गते, २०८२ साल (संख्या १४)

### भाग- १

### भिमाद नगरपालिकाको सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भिमाद नगरपालिकाको औद्योगिक व्यवसाय सन्चालन ऐन , २०८२

प्रस्तावना:भिमाद नगरपालिकाको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई राष्ट्रिय उत्पादकत्व र रोजगारीमा अवसर अभिवृद्धि गर्न, नगरपालिकामा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा जोड दिँदै औद्योगिक विकासको माध्यमबाट सवल, गतिसिल, प्रतिस्पर्धी एवं उत्पादनमूखी स्थानीय अर्थतन्त्र निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा, २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम एक्काइसौ नगरसभामा यो ऐन जारी गरेको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम **"भिमाद नगरपालिकाको औद्योगिक व्यवसाय ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ ।:

(३) यो ऐन भिमाद नगरपालिकाभित्र लागु हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) **"उपप्रमुख "** भन्नाले नगर कार्यपालिकाको उपप्रमुख लाई सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले भिमाद नगरपालिका सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग मन्त्रालय वा सो कामको लागि तोकिएको संघ तथा गण्डकी प्रदेशको मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) **"विषयगत शाखा"** भन्नाले भिमाद नगरपालिका अन्तर्गतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनु पर्छ ।

(ज) **"वडा सचिव"** भन्नाले नगरपालिका वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनुपर्छ ।

(झ) **"वडा समिति"** भन्नाले नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(ञ) **"समिति"** भन्नाले नगरपालिकाको "उद्योग विकास प्रवर्द्धन तथा व्यवस्थापन समिति" सम्झनु पर्छ ।

(ट) **"संयोजक"** भन्नाले ऐनको दफा १४ बमोजिम उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ठ) **"सदस्य सचिव"** भन्नाले उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्छ ।

(ड) **"विभाग"** भन्नाले संघीय उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग सम्झनु पर्छ।

(ढ) **"उद्योग"** भन्नाले दफा १३ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ण) **"उद्योग दर्ता गर्ने निकाय"** भन्नाले भिमाद नगरपालिकाको नगर कार्यपालिकालाई जनाउनेछ । सो शब्दले उद्योग प्रशासन सम्बन्धी कार्य गर्ने विषयगत शाखालाई जनाउनेछ ।

(त) **"तोकिएको"** वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्ड वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(थ) **"लघु उद्यम"** भन्नाले दफा १३ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(द) **"विभाग"** भन्नाले उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग सम्झनु पर्छ ।

(ध) **"साना उद्योग"** भन्नाले दफा १३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ ।

## परिच्छेद -२
## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **<u>नियमन गर्ने उद्योगको प्रकार</u>** : संघीय सरकार, गण्डकी प्रदेश सरकारले स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने भनि तोकिएको लघु उद्यम, घरेलु तथा साना उद्योगको नियमन यस ऐन बमोजिम नगरपालिकाले गर्नेछ ।

४. **<u>उद्योग दर्ता गराउनुपर्ने</u>** : (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्ने तथा सेवा तथा वस्तुको उत्पादन गर्न वा गराउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योग यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(३) दर्ता शुल्क नगरपालिकाको सालबसाली आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

५. **<u>उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने</u>** : (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्ति तथा कम्पनीले तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट तीन महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिने छ ।

६. **<u>उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने</u>** : (१) दफा ५ बमोजिम उद्योग दर्ताका लागि गरेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको सात दिनभित्र उद्योग दर्ता गर्ने शाखाले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाण पत्र दिंदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ :

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका शर्तहरु ।

(३) दफा (५) बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

७. **<u>व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको जानकारी दिनुपर्ने</u>** : (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी उद्योग दर्ता गर्ने शाखालाई गराउनु पर्नेछ ।

(२) कुनै उद्योगको उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने शाखा समक्ष तोके बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा नगरपालिकाको सम्बन्धित शाखाले त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः रद्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा उद्योग दर्ता गर्ने शाखाको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोही अभिलेख अद्यावधिक गर्नु पर्नेछ । सोको निस्सा दर्तावालालाई दिनुपर्नेछ ।

८. **<u>अनुगमन सम्बन्धी व्यवस्था</u>** : (१) उद्योग दर्ता गर्ने शाखाले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा नगरपालिकाको सम्बन्धित शाखाबाट उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिफारिसमा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

९. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने** : कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने शाखा समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्छ र अनुमति प्राप्त भए पश्चात् मात्र उद्योग स्थानान्तरण गर्नुपर्नेछ ।

१०. **विवरण उपलब्ध गराउनु पर्ने** : प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

११. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने** : यस ऐन बमोजिम दर्ता भएको उद्योग कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी नगरपालिकालाई दिनुपर्छ ।

१२. **उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने** : (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने शाखा समक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ । तर प्रचलित कानुन बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग नगरपालिकाले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद - ३
## उद्योगको वर्गीकरण

१३. **<u>उद्योगको वर्गीकरण</u>** : (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :

**(क) लघु उद्यम** : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जना सम्म कामदार रहेको,

(४) वार्षिक कारोवार पचास लाख रुपैंया भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिन खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

**(ख) घरेलु उद्योग** : देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाट सम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको, र

(४) अनुसूची-१ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

**(ग) साना उद्योग** : लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैंया सम्म स्थिर पूँजी भएको उद्योग वा संघीय कानुनले साना उद्योग भनि परिभाषित गरिएका उद्योगहरु ।

(२) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरी उद्योग स्थापना गर्दा वातावरणीय प्रदूषण कम हुने गरि स्थापना गर्नुपर्नेछ ।

## परिच्छेद-४

## उद्योग विकास प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१४. **<u>उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समिति</u>** : (१) नगर कार्यपालिकाले नगर क्षेत्रको समग्र उद्योग विकास प्रवर्द्धन तथा व्यस्थापन सम्बन्धी कार्यको संयोजन गर्न देहाय बमोजिमको उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(क) नगर प्रमुख -प्रमुख

(ख) नगर उपप्रमुख -सदस्य

(ग)प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) कृषि विकाश शाखाको प्रमुख -सदस्य

(ङ)वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख - सदस्य

(च) भिमाद नगर उद्योग बाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(छ) उद्योग हेर्ने कार्यापालिकाको संयोजक -सदस्य

(ज) नगर प्रमुखले तोकेको महिला उद्यमी -सदस्य

(झ) आर्थिक विकास शाखाको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(२) खण्ड (क) मा उल्लेखित समितिको वैठक वर्षमा कम्तीमा चार पटक त्रैमासिक रुपमा बस्नेछ ।

(३ समितिको सचिवालय उद्योग सम्बन्धि कार्य गर्ने उपशाखामा रहनेछ ।

(४) समितिको वैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) समितिमा पदेन वाहेकका सदस्यको पदापधी चार वर्षको हुनेछ । निजहरुको काम सन्तोषजनक नभएमा कार्यपालिकाको वैठकले हटाउन सक्नेछ तर निजहरुलाई समितिबाट हटाउँदा सफाईको मौका दिइनेछ ।

१५. **उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग)नगरपालिकाको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न नगरपालिका समक्ष सिफारिस गर्ने,

(घ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ङ)यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्ने,

(च) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने ।

(छ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

१६. **छुट, सुविधा वा सहुलियतको प्रत्याभूति** : यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन । छुट, सुविधा वा सहुलियत सम्बन्धी अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ ।

१७. **महिला उद्यमीको लागि थप सुविधा**:(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा त्यस्ता फर्म वा उद्योग दर्ता गर्दा कानुनबमोजिम लाग्ने दस्तुर वा शुल्कमा पच्चिस (२५) प्रतिशत छुट हुनेछ ।

(२) महिला उद्यमीको मात्र स्वामित्व रहने गरी बर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानुनबमोजिम लाग्ने दस्तुरमा औद्योगिक व्यवसायसम्बन्धी संघीय कानूनअनुसार प्राप्त हुने बीस प्रतिशत छुट यस ऐनबमोजिम महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दतां भएका उद्योगलाई पनि प्राप्त हुनेछ ।

(३। महिला उद्यमीले औद्योगिक ग्रामभित्र उद्योग स्थापना गर्न चाहेमा स्थान उपलब्ध गराउन प्राथमिकता दिनुपर्नेछ ।

परिच्छेद-८

औद्योगिक ग्राम सम्बन्धी व्यवस्था

१८. **औद्योगिक सञ्चालन तथा व्यवस्थापनको जिम्मेबारी**:(१) नेपाल सरकारवाट घोषणा भएका औद्योगिक ग्राम स्थापना गर्ने, विकास गर्ने, सञ्चालन, व्यवस्थापन तथा त्यसको उचित संरक्षण गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ ।

(२) औद्योगिक ग्रामको सञ्चालन तथा व्यवस्थापनको लागि नगर कार्यपालिकाले छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ।

१९. **<u>औद्योगिक ग्रामसम्बन्धी विशेष व्यवस्था</u>**ः(१) औद्योगिक ग्राम घोषणा भई औद्योगिक ग्राम स्थापना, संरचना विकास, सञ्चालन व्यवस्थापन गर्ने सम्बन्धमा देहायबमोजिम विशेष व्यवस्था गर्न सकिनेछः

(क) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको प्रकृति अनुसार मिल्ने गरी निर्धारित क्षेत्रभित्रका प्लटहरूमा मात्र स्थापना गर्न पाउने गरी जोनिङ (Zoning) गर्ने कार्य विस्तृत परियोजना प्रस्ताव तयार गदांकै बखत छुटयाउनुपर्नेछ।

(ख) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरूमध्ये महिला उद्यमी वा अन्य कुनै विशेष वर्गका लागि संरक्षण वा आरक्षण गर्नुपर्ने देखिएमा नगर कार्यपालिकाले प्लट छुट्याउने बखत नै संख्या निर्धारण गरी संरक्षण वा आरक्षणका लागि प्लट छुटयाउन सक्नेछ ।

(ग) फोहर व्यवस्थापन उद्योग सञ्चालनवाट निस्कने तरल फोहर वा ठोस फोहर, लिक्विद्ध वेष्ट वा सोलिड वेष्ट तथा सवै प्रकारमा फोहरको व्यवस्थापन प्रक्रिया कस्तो हुने, विसर्जन गर्ने स्थान र तरिका सम्बन्धित उद्योगले उद्योग सञ्चालनपूर्व नै कार्यालयमा फोहर व्यवस्थापन योजना पेश गर्नुपर्ने व्यवस्था गर्ने ।

## परिच्छेद-९
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

२०. **<u>सजाय सम्बन्धी व्यवस्था</u>** : (१) कसैले यस ऐन बमोजिम दर्ता गराउनु पर्ने उद्योग दर्ता नगरी सञ्चालन गरेको पाइएमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा एक महिनाको समय दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधिको उद्योग दर्ता नगर्ने व्यक्तिलाई नगरपालिकाको कार्यालयले देहायको कारवाही गर्न सक्नेछ :

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरे को उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यगस्तरको भए दश हजार देखिन पच्चिस हजार रुपैंया सम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रुपैंया सम्म जरिवाना गर्ने ।

(३) दफा (१०) बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिवाना गर्न सक्नेछ :

(क) लघु उद्यमलाई पाँच हजार रुपैंयाको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैंयाको दरले,

(ग) साना उद्योगलाई बीस हजार रुपैंयाको दरले ।

(४) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने निकायले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा देहायको उद्योगलाई प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ :

(क) लघु उद्यमको हकमा पच्चीस हजार देखि एक लाख रुपैंया सम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा दुई लाख देखि पाँच लाख रुपैंया सम्म ।

(५) यस दफा बमोजिम सजाय गर्नु भन्दा अघि सजाय गर्ने अधिकार प्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न पन्ध्र दिनको समय दिनु पर्नेछ ।

२१. **पुनरावेदन सम्बन्धी व्यवस्था** : दफा (१७) बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित भिमाद नगरपालिकाको न्यायिक समितिमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-९
## विविध

२२. **नियम बनाउने अधिकार** : यस ऐनलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२३. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने** : नगरपालिकाको कार्यालयले उद्योगको दर्ता नियमन सम्बन्धी काम कारवाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

२४. **बचाउः** प्रस्तुत ऐन संघीय कानुन र प्रदेश कानुन सँग बाझिएको खण्डमा बाझिएको हद सम्म यस ऐन अमान्य हुनेछ ।

अनुसूची-१

दफा-१३ (४) सँग सम्बन्धित

(क) ह्याण्ड लूम, पेडल लूम, सेमी-अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

(ख) ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

(ग)परम्परागत कलामा आधारित वस्तु,

(घ) परम्परागत मूर्तिकला,

(ङ)तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

(च) फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

(छ) सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु भाँडा वर्तनहरु बहुमूल्य, अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत,

(ज) स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग÷छालाबाट हस्त निर्मित वस्तुहरु,

(झ) जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राककृतिक रेशामा आधारित उद्योग,

(ञ) पत्थरकला (ढुंगा कुँदी बनाइएका सामानहरु),

(ट)पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

(ठ)मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

(ड)परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

(ढ)काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

(ण) हातले छाप्ने ईटा उद्योग ।

आज्ञाले

कमलप्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रू. ७०।—